# दैनिक लुम्बिनी

निजी क्षेत्रबाट निरन्तर प्रकाशित पहिलो राष्ट्रिय दैनिक

वर्ष ३८ | अंक १३० | बुटवल | २०८३ बैशाख २७ गते, आइतबार | नेपाल संवत ११४६ | Sunday May 10, 2026 | पृष्ठ ४ | मूल्य रु. ६ मात्र | Lumbini



**राम्रो घडेरी बिक्रीमा**

तिलोत्तमा-१ शंकरनगर प्यारामाउण्ट स्कुलको पूर्वपट्टी उत्तरतर्फ २० फिट र पूर्वतर्फ २२ फिटको बाटोमा मोहडा पर्ने एक कठ्ठा जग्गा खरिद गर्न चाहनेले तुरुन्तै सम्पर्क गर्नुहोला।

**सम्पर्क नम्बरः ९८०१८२७९५०**


# राज्यको गलत नीतिले संकटमा सलाई उद्योग

**राज्यको संरक्षणमुखी नीति हुने हो भने नेपालको माग धान्ने परिमाणको सलाई नेपाली उद्योगले उत्पादन गर्न सक्ने र भारतीय सलाईको आयात पूर्णरुपमा विस्थापन गर्न सक्ने छन्।**






**लुम्बिनी संवाददाता**

*बुटवल*

चालु अवस्थामा रहेको नेपालकै एक मात्र सलाई उद्योग राज्यको गलत भन्सार नीतिका कारण संकटमा परेको छ। विगतमा नेपालमा ३६ वटा सलाई उद्योग भए पनि राज्यको गलत नीतिकै कारण अधिकांश बन्द छन्। हाल बुटवल- १६ मा रहेको जय महालक्ष्मी म्याच ईण्डष्ट्रिज मात्रै एक तिहाई क्षमतामा मात्रै चलेको छ।

स्थानीय युवा उद्यमीहरु राजेन्द्र ढकाल, जीवन अधिकारी,कृष्ण बस्याल र पशुपति अर्यालको साझेदारीमा साढे २ करोड लगानीमा सञ्चालित यो उद्योग २१ वर्ष पुरानो हो। चितवनको सुवर्ण म्याच ईण्डष्ट्रिज पुनः सञ्चालनमा आउने प्रकृयामा छ।

भारतबाट भन्सार छलेर चोरी तस्करीमार्फत् हुने आयात तथा न्यून बिजक मूल्य र कम परिणाम घोषित गरी वैधरुपमा आयात हुने सलाईका कारण स्वदेशी सलाई उद्योग संकटमा परेको उद्योगीको गुनासो छ।

स्वदेशी उद्योगको उत्पादनभन्दा तेब्बर बढी परिणामको सलाई भन्सार छलेर आयात हुने भएकाले भारतीय सलाईसँग मूल्यमा प्रतिस्पर्धा गर्न नसकेर उद्योग संकटमा परेको सञ्चालकहरुको गुनासो छ।

'भारतबाटै महँगोमा कच्चा पदार्थ ल्याएर उत्पादन गर्नुपर्छ, तर भारतीय सलाई आयातमा राज्यले लिने भन्सार दर एकदमै न्यून छ, जसले गर्दा स्वदेशी उद्योग संकटमा परेर बन्द हुँदै गएका छन्,' उद्योगका सञ्चालक राजेन्द्र ढकाल भन्छन्-'सरकारले स्वदेशी उद्योग संरक्षण गर्न सलाई आयातमा लिइदै आएका भन्सार दर तत्काल वृद्धि र अवैध आयातलाई कडाईका साथ नियन्त्रण गर्नुपर्छ।'

हाल प्रति २० कांटी सलाईको बट्टाको भन्सार मूल्यांकन ४० पैसा र ५० कांटी सलाइको ८० पैसा छ भने ५० कांटीभन्दा बढीको सोही अनुपातमा छ।

स्वदेशी उद्योगलाई बचाउन अहिलेको सरकारले भारतीय सलाईको भन्सार मूल्यांकन २० कांटी प्रतिबट्टामा ७५ पैसा र ५० कांटी प्रति बट्टामा एक रुपैयाँ ४० पैसा कायम गर्न उद्योगीहरुको माग छ। यस्तै भन्सार महसुल मूल्यांकनको मूल्यमा मूल्यांकनमा साविकको ३० प्रतिशतमा १० प्रतिशत बढाएर मूल्यमा ४० प्रतिशत पुऱ्याउनुपर्ने उद्योगीले माग गरेका छन्।

उद्योगी ढकालका अनुसार उनको उद्योग पूर्ण क्षमतामा चल्ने वातावरण बने नेपालको माग धान्ने परिमाणको सलाई एक्लै उत्पादन गर्न सक्छ।

अवैध आयातले बजार खुम्चिंदा र मूल्यमा प्रतिस्पर्धा गर्न नसक्दा दैनिक एक सय कार्टुन र मासिक ४ हजार कार्टुन उत्पादन क्षमता भएपनि दैनिक ४५ कार्टुन र मासिक १२ सय कार्टुन मात्र उत्पादन हुने गरेको ढकालले गुनासो गरे।

उद्योगका अर्का सञ्चालक जीवन अधिकारीले ठूलो जनसंख्या रहेको तराईका जिल्लाहरुमा भन्सार छलेर आयात हुने भारतीय सलाईको बिक्रीका कारण नेपाली सलाईको बिक्री शून्य जस्तै भएको गुनासो गरे।

राज्यको संरक्षणमुखी नीति नहुँदा र सरकारको नजर नपुग्दा आफ्नो उद्योगले न्यून क्षमतामा उत्पादन गरेको सलाई समेत बिक्री हुन समस्या भएर नोक्सानी बेहोर्नु परेको गुनासो गरे।

'भन्सार दर, बारुदजन्य र अन्य कच्चा पदार्थको मूल्य वृद्धि जस्ता कारणले अहिलेसम्म एक करोड बढी नोक्सानी बेहोरी सक्यौं, अब सरकारले भन्सार दर परिवर्तन नगर्ने हो भने उद्योग बन्द गर्नुको विकल्प छैन।'-अधिकारीले भने।

उद्योगमा ९४ जना स्थानीयले रोजगारी पाएका छन्, ती मध्ये ६२ जना महिला छन्।

'अवैध पैठारी र न्यूनभन्सार मूल्याङ्कनमा भारतीय सलाईको आयात र चीनबाट अनियन्त्रितरुपमा आयातित लाइटरले स्वदेशी सलाई उद्योगको अस्तित्व नै संकटमा परेको छ, लोपोन्मुख उद्योगलाई संरक्षण गर्ने दायित्व राज्यको हो,' उद्योगका सञ्चालक कृष्ण बस्यालले भने-'सरकारले स्वदेशी उद्योगलाई बचाउने हो भनेसोही बमोजिम भन्सार महसुल र मूल्यांकन दर यथाशीघ्र परिवर्तन गर्नुपर्छ।'

## श्रम संस्कृति पार्टी सुकुम्वासीको पक्षमा छ : हर्क



बुटवल। श्रम संस्कृति पार्टीका अध्यक्ष हर्क साम्पाङले सुकुम्वासीको पक्षमा आफू रहेको बताएका छन्। हेटौंडा पुगेका अध्यक्ष साम्पाङले सुकुम्वासीमाझ सम्बोधन गर्दै कसैलाई पनि घरबारविहीन हुन नदिने प्रतिबद्धता जनाए।

उनले भने-'जनतालाई विस्थापित गर्ने, घर भत्काएर खेदाउने र सुकुम्वासी बनाउने काम हुनुहुँदैन। हाम्रो पहिलो प्रतिनिधिसभाको पहिलो बैठकमा नै मैले यस एजेन्डालाई राखेको छु। कसैले केही गरोस् वा नगरोस्, म सधैं यहाँहरूको पक्षमा छु। सबैलाई बासको अधिकार छ, यो संविधानले दिएको मौलिक हक हो। घर भत्काएर जनतालाई आतङ्कित गर्ने काम हुनुहुँदैन।'

उनले मेचीदेखि महाकालीसम्मका जनता एकजुट भएर सरकारको निरंकुश कदमविरुद्ध आवाज उठाउनुपर्ने बताए। जनताको दुःखमा आफू सधैं साथमा रहने हर्कले वचन दिए।

उनले भने-'चाहे संसदमा होस् वा सडकमा, नेपाली जनताको बाँच्न पाउने अधिकार सुनिश्चित गर्न म निरन्तर लागिरहनेछु।'

## घण्टीमा भोट हाल्नेहरू लुक्न थाले, बालेन ओली जस्तै : दुर्गा प्रसाईं



बुटवल। राष्ट्र, राष्ट्रियता, धर्म, संस्कृति तथा नागरिक बचाउ महाअभियानका संयोजक दुर्गा प्रसाईंले सरकारले सुकुम्वासी बस्तीमा डोजर लगाएकोप्रति असन्तुष्टि जनाएका छन्।

भक्तपुरस्थित आफ्नै निवासमा आयोजित पत्रकार सम्मेलनमा उनले गरिब तथा श्रमिक वर्गमाथि अन्याय भएको आरोप लगाए।

उनले प्रधानमन्त्री बालेन शाहले सामाजिक सञ्जाल र 'अल्गोरिदम' को प्रयोग गरेर फाँसीवादी शैलीमा शासन चलाउने प्रयास गरिरहेको बताए। जीवनभरको मेहनतबाट बनाइएका घरहरू भत्काइँदा गरिबका सपना चकनाचुर भएको उनले जनाए।

उनले भने-'तपाईंलाई यी गरिबको आँसु लाग्छ, वृद्धा अवस्थाका आमाहरू रुँदै गरेका थिए, एकल महिलाहरू रुँदै गरेका थिए, जो लघुवित्त र सहकारीबाट पीडित भएका थिए। जीवनभरिको कमाइले घर बनाएका थिए, उनीहरूले। कसैले मकै बेचेर, कसैले गिट्टी बोकेर घर बनाएका थिए, कसैले घरमा रङ्ग लगाएर मजदुरी गरेर चाहिँ घर बनाएका थिए, कसैले भारी बोकेर घर बनाएका थिए, तर ती सबै घर भत्किए। घरमात्रै भत्किएन गरिबका सपना पनि भत्किए।'

» बाँकी ३ पेजमा

# डोजर आतंक सधैंका लागि बन्द गर्न संघर्ष समितिको माग



बुटवल। ज्ञापनपत्र नेपाल भूमिहीन सुकुम्वासी तथा अव्यवस्थित बसोवासी संघर्ष समिति रुपन्देहीले डोजर आतंक सधैंका लागि बन्द गर्न माग गर्दै जिल्ला प्रशासन कार्यालय रुपन्देहीमा ज्ञापनपत्र बुझाएको छ।संघर्ष समितिका संयोजक खगेन्द्र पौडेलसहिको टोलीले रुपन्देहीका सहायक प्रमुख जिल्ला अधिकारी मेघनाथ पाध्यालाई ज्ञापनपत्र बुझाएको हो।

ज्ञापनपत्रमा विगत केही दिनदेखि सरकार पक्षबाट देशका विभिन्न स्थानहरूमा सुकुम्वासी तथा अव्यवस्थित बसोवासीले आफ्नो जीवनभरको मेहनत र पसिनाले बनाएका घर-टहराहरू डोजर लगाई भत्काउने कार्य तत्काल रोक्न माग गरिएको छ।

डोजर आतंक तत्काल बन्द गरी विगतका भूमि समस्या समाधान आयोगका कार्यलाई पूर्णता दिई नापजाँच सम्पन्न भएका स्थानमा राजस्व लिई लालपूर्जा वितरण गर्न र बाँकी स्थानमा नापजाँच प्रक्रिया अघि बढाउन संघर्ष समितिले माग गरेको छ। डोजर आतंकले नागरिकहरूलाई घरबारविहीन, असुरक्षित र आतंकित बनाएको र सोही पीडा र तनावका कारण दुई जना व्यक्तिले ज्यानसमेत गुमाउनुपरेको दुःखद अवस्था सिर्जना भएको ज्ञापनपत्रमा उल्लेख छ।

औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडको केन्द्रीय कार्यालयबाट यही बैशाख १४ मा रानीगञ्जको अव्यवस्थित बस्ती तथा संरचना हटाउने पत्राचारप्रति संघर्ष समितिले गम्भीर आपत्ति जनाएको छ।

मोतीपुर औद्योगिक क्षेत्र परियोजना स्थापना हुनुभन्दा २०-३० वर्षअघि नै बुटवल-१७ रानीगञ्ज क्षेत्रमा स्थानीय नागरिकहरूको बसोबास रहेको र त्यहाँ राज्यले बिजुली, पानी, सडकलगायतका पूर्वाधार विकास गरिसकेको अवस्थामा बस्ती खाली गर्न खोजिए विद्रोह हुने चेतावनी दिइएको छ।

विगतमा स्थानीय राजनीतिक दल, जनप्रतिनिधि तथा तत्कालीन गृहमन्त्री बालकृष्ण खाँणको उपस्थितिमा सोही स्थानको बसोबास संरक्षण गर्दै वस्ती नभएको क्षेत्रमा मात्र औद्योगिक क्षेत्र बनाउने सहमति भएको ज्ञापनपत्रमा स्मरण गराइएको छ।

उक्त सहमतिविपरीत गरिने कुनै पनि जबर्जस्ती कदम स्वीकार्य नहुने ज्ञापनपत्रमा भनिएको छ। राज्यले वर्षौंदेखि बसोबास गरेका नागरिकहरूमाथि बल प्रयोग गरी २०-३० वर्षदेखि बस्दै आएका घर-टहरा भत्काउने कार्य जारी राखेमा हजारौं नागरिक पुनः भूमिहीन बन्ने र यसले सामाजिक असन्तोष, अपराध वृद्धि तथा दीर्घकालीन अस्थिरता निम्त्याउन सक्ने ज्ञापनपत्रमा औंल्याइएको छ।

राज्यले समयमै संवेदनशीलता अपनाई आफ्ना नागरिकहरूको अभिभावकत्व ग्रहण गरी डोजर आतंक सधैंका लागि बन्द गर्न संघर्ष समितिले माग गरेको छ।

ज्ञापनपत्रमा, मानव सभ्यताको इतिहास हेर्दा मानिस प्रारम्भमा घुमन्ते जीवन बिताएको, विस्तारै जंगल फाँडेर स्थायी बसोबास र खेतीपाती गर्न थालेका र समाज विकासको प्रक्रियासँगै समाज, राज्य र शासन प्रणालीको विकास भई जसले जहाँ श्रम गऱ्यो, त्यहीँ बसोबास गर्ने अभ्यास स्थापित हुँदै गएको स्मरण गराइएको छ।

यस्तै नेपालको सन्दर्भमा पनि राज्य एकीकरणपछि तत्कालीन शासकहरूले लालमोहर, बिर्ता र हुकुममार्फत् सार्वजनिक जमिन आफ्ना नजिकका व्यक्ति तथा शक्तिशाली समूहलाई बाँड्दै आएको इतिहास रहेको ज्ञापनपत्रमा स्मरण गराइएको छ।

२०२० सालतिर भूमि सुधार ऐन लागू भए पनि यसको कार्यान्वयनमा व्यापक असमानता, विभेद र त्रुटिहरू देखिएका र नापी प्रक्रियामा समेत कतिपय स्थानमा पक्षपात, बेवास्ता र अनियमितता भएको र अहिले पनि पनि विभिन्न जिल्लाका नापी कार्यालयमा रहेका पल्ट रजिस्टर, फिल्डबुक तथा नक्सा हेर्दा असमानता र विभेदका उदाहरणहरू देख्न सकिने ज्ञापनपत्रमा उल्लेख छ।

» बाँकी ३ पेजमा




## सम्पादकीय

# न्यायपालिकामा हस्तक्षेप

प्रधानमन्त्रीको नेतृत्वमा रहने संवैधानिक परिषद्‌ले प्रधानन्यायाधीशमा चौथो बरियताका न्यायाधीश डा. मनोजकुमार शर्मालाई नियुक्त गर्ने सिफारिस गरेपछि तरंग उत्पन्न भएको छ । सर्वोच्च अदालतको प्रधानन्यायाधीशमा विगतमा बरियतामा एक नम्बरमा रहेकालाई प्रधानन्यायाधीशमा सिफारिस गर्ने परम्परालाई तोड्दै चौथो नम्बरका शर्मालाई रोजिएपछि सरकारले स्वतन्त्र न्यायपालिकाको मर्ममाथि प्रहार गरेको टिप्पणी भइरहेको छ । बरियतामा पहिलो नम्बरमा रहेका न्यायाधीशलाई विगतमा प्रधानन्यायाधीशमा सिफारिस गरेर अदालतको स्वतन्त्रताको मर्मलाई आत्मसात गरेको मानिन्थ्यो । स्वतन्त्र न्यायपालिकाको मर्मलाई ख्याल नगरी बरियता तोड्दा संवैधानिक परिषद्‌मा प्रधानमन्त्रीले कार्यक्षमता र योग्यताको विषय उठाएका छन्, जुन तर्क तथ्यसंगत देखिंदैनन् ।

कुनै बेला डा. शर्मा पुनरावेदन अदालतको अतिरिक्त न्यायाधीश थिए । नयाँ संविधान आएपछि पुनरावेदन अदालतमा रहेका २८ अतिरिक्त न्यायाधीश हटाइए । कार्यक्षमताका आधारमा कतिपयलाई न्यायपरिषद्‌ले पछि उच्च अदालतको न्यायाधीश नियुक्त गर्‍यो । शर्मा छुटे । तिनै शर्मा छ वर्षपछि सर्वोच्च अदालतको न्यायाधीश नियुक्त भए । सर्वोच्च अदालतका तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्र शमशेर राणाको जोडबलमा सर्वोच्च छिरेका डा. शर्मा अहिले प्रधानन्यायाधीश सिफारिस हुँदा बरियतामा पहिलो नम्बरमा रहेकी सपना प्रधानमल्ल, दोस्रो बरियतामा रहेका कुमार रेग्मी र तेस्रो बरियतामा रहेका हरि फुँयाल छुटेका छन् । पहिलो संविधानसभामा एमालेको तर्फबाट संविधानसभा सदस्य भएकी मल्ललाई राजनैतिक ट्याग लगाइए पनि रेग्मी र फुँयाल पनि फालिए । अब्बल न्यायाधीशको छवि बनाइएका रेग्मी र फुँयालको साटो डा. शर्माको रोजाईलाई कार्यपालिकाको सिधैं हस्तक्षेप अब न्यायपालिकामाथि पार्ने ढोका खोलिएको बुझाई छ । यो हस्तक्षेपका लागि प्रधानमन्त्रीले पहिले संवैधानिक परिषद्‌सम्बन्धी अध्यादेश जारी गराए । संवैधानिक परिषद्‌मा प्रधानमन्त्री, सभामुख, उप-सभामुख, राष्ट्रियसभाको अध्यक्ष, प्रमुख प्रतिपक्ष दलको नेता र प्रधानन्यायाधीश रहने व्यवस्था छ । अध्यादेशबाट चार जना भए परिषद्‌को कोरम पुग्ने र तीन जनाको निर्णयले संवैधानिक निकायमा नियुक्तिको सिफारिस गर्न सकिने व्यवस्था गरिएको छ । यसले संवैधानिक परिषद्‌मा नियुक्तिको लागि प्रधानमन्त्रीलाई बेलगाम घोडा बनाइएको छ ।

संवैधानिक परिषद्‌मा प्रमुख प्रतिपक्ष दलको नेता, राष्ट्रियसभा अध्यक्ष र प्रतिनिधिसभाको सभामुख राख्नुको कारण संवैधानिक नियुक्तिमा सरकारले मनपरी नगरोस्, स्वेच्छाचारी नहोस् भन्नका लागि हो । शक्ति सन्तुलन नखल्बलाउनका लागि यस्तो व्यवस्था गरिएको भए पनि अहिले प्रधानमन्त्रीको चाहनामा तीन जना पुगे नियुक्तिको सिफारिस हुने व्यवस्था गरेर कार्यपालिकाको छायाँमा न्यायपालिका पर्ने जोखिम बढेको छ । अब संसदीय समितिको सुनुवाइ पूरा गरी डा. शर्मा प्रधानन्यायाधीश त बन्ने छन्, उनको नियुक्तिसँगै न्यायपालिकामा कार्यपालिकाको छायाँ पर्दा अब न्यायपालिका खल्बलिने छ । त्यसो त पहिलेदेखि स्वतन्त्र छविका भन्दा दलीय भागबण्डामा न्यायाधीश नियुक्ति गर्ने प्रवृत्तिले स्वतन्त्र न्यायपालिकाको मर्ममाथि प्रहार भएकै थियो । अब न्यायपालिकालाई कार्यपालिकाले सिधैं निर्देशन दिने जोखिम बढेको छ ।

नेपालको न्यायपालिकाकाबारेमा जति नै नकारात्मक टिप्पणी भए पनि अहिलेसम्म स्वतन्त्र न्यायपालिकाको मर्मलाई आत्मसात गरेको अन्तर्राष्ट्रिय रुपमा नै चर्चा हुन्थ्यो । विगतको यो विरासत अब कायम रहन्छ भन्ने विश्वास बरियता मिचेर अघि बढ्न खोज्दा धरमराएको छ । अदालत, सेना, प्रहरी जस्ता संवेदनशील निकायका नियुक्तिलाई सरकारले हडबड, पूर्वाग्रह र आवेगका आधारमा होइन्, विधिलाई समात्नुपर्छ । विधिको शासनलाई स्थापित गर्ने हो भने सरकारलाई सहज हुन्छ, लोकतान्त्रिक प्रणाली बलियो हुन्छ । विधिलाई निर्देशित गर्ने प्रवृत्तिले पटक्कै लोकतान्त्रिक प्रणालीलाई बलियो बनाउन सक्तैन् । त्यसबेला शासक निरकुंश बन्ने जोखिम बढ्छ । शासक निरकुंश बन्दा निम्तिने जोखिम बहुआयामिक हुन्छन्, त्यसको मूल्य मुलुकले चुकाउनुपर्ने परिस्थिति निर्माण हुन्छ ।

# खाँदा तीतो हुने करेला स्वास्थ्यका लागि यति लाभदायक



खाँदा तीतो भए पनि करेला स्वास्थ्यका लागि अतिलाभदायक छ । करेलाका केही फाइदा यस्ता छन्ः

- शरीरमा कफ जम्मा भएमा करेला खानुपर्छ । करेलामा पाइने फस्फोरसले शरीरको कफ निकास गर्न सघाउ पुर्‍याउँछ ।
- करेलाले पाचनशक्ति बलियो बनाउँछ र भोक जगाउँछ ।
- करेला शितल खाद्य भएकाले गर्मी याममा करेला खाने गर्नु लाभदायक हुन्छ ।
- दमको समस्या भएकाहरूले मसला नहालीकन पकाएको करेलाको तरकारी खानु राम्रो हुन्छ ।
- पक्षघात भएकाहरूलाई काँचो करेला खुवाउँदा सुधारका संकेत देखा परेका उदाहरण पनि छन् ।
- बान्ता, हैजा आदि भएमा करेलाको रसमा थोरै पानी र कालो नुन छरेर खाने गरेमा तुरुन्त लाभ मिल्छ ।
- कलेजोसम्बन्धी समस्या भएकाहरूका लागि पनि करेलाको तरकारी ज्यादै उपयोगी हुन्छ ।
- डायबेटिजको समस्या भएकाहरूका लागि करेलाको तरकारी उत्तम मानिन्छ । यसले शरीरमा चिनीको मात्रालाई नियन्त्रित गर्छ ।
- करेला खाने गर्नाले रगत सफा हुन्छ । रगतमा हेमोग्लोबिनको मात्रा बढाउनका लागि पनि करेला खाने गर्नुपर्छ ।
- बाथ रोग भएमा अथवा हातखुट्टा पोल्ने गरेमा काँचो करेलाको झोलले मालिस गरेमा फाइदा पुग्छ ।

एजेन्सी

# अर्थतन्त्रको मेरूदण्ड कृषि



**रामबहादुर केसी**

*कृषि नेपाल र नेपालीको जीवन पद्धति र तुरुन्त प्रतिफल दिने एक प्रमुख सम्भाग हो । हाम्रो भूगोल र जलवायुमा पाइने विविधताका कारण विश्वमा खेती गर्न सकिने प्राय सबै बालीको खेती यहाँ गर्न सकिन्छ । अदूरदर्शिता, हाम्रो अल्छीपन र उद्यमशीलताको कमीका कारण कृषि वस्तुको आयात बढिरहेको छ । हाम्रो उत्पादकत्व पनि न्यून र उत्पादन लागत बढी भएकैले चाहेजति रोजगारीको सिर्जना गर्न सकिएको छैन । स्थान विशेषको वातावरणअनुसार तुलनात्मक लाभका बाली/वस्तुको पहिचान गरी आधुनिक र व्यावसायिक तरवरले खेती गर्न सकेमा कायापलट हुन सक्छ । यसका लागि आवश्यक पूर्वाधारको विकाससँगै युवालाई अकर्षित गर्न र मर्यादित पेसामा रूपान्तरण गर्न जरुरी छ ।*



खाद्य एवं पोषण सुरक्षामा योगदान, जनसहभागिता/संलग्नता (कुल जनसंख्याको ५०.१ प्रतिशत कृषि पेसामा संलग्न) आयआर्जन र रोजगारीका अवसरमा सिर्जना, कृषि, वन र मत्स्य क्षेत्रको योगदान कुल गार्हस्थ उत्पादनमा २५.१६ (कृषि मन्त्रालय २०८१/८२) रहनुले कृषि नेपाली अर्थतन्त्रको एउटा दह्रो खम्बा हो । यद्यपि राष्ट्रको कुल गार्हस्थ उत्पादनमा विगतको तुलनामा यसको योगदान र संलग्न जनसंख्या क्रमशः घटिरहेको त छ, तर यो तथ्याङ्कले राष्ट्रमा सेवालगायत गैरकृषि क्षेत्रको योगदान बढिरहेको छ ।

**कृषि क्षेत्रको अवस्था**

अर्थतन्त्रको मेरुदण्डको मानिँदै आएको कृषि क्षेत्र, हाड खिइएको अवस्थामा छ । जब राष्ट्र १० बर्से द्वन्द्वको चपेटामा पर्‍यो मलेसियालगायत मध्य पूर्वका खाडी राष्ट्रमा रोजगारीको अवसर पाइन थाल्यो । ग्रामीण भेकमा असुरक्षा, भोकमरी र बेरोजगारी तथा सहरी क्षेत्रमा शैक्षिक बेरोजगार युवाको आकर्षण वैदेशिक रोजगारतर्फ बढ्यो । ग्रामीण भेगमा सुरक्षा चुनौतीले गर्दा सर्वसाधारण मानिस पनि सहरतिर आउन थाले । गलत शिक्षा नीति र काठमाडौं केन्द्रित आवधिक योजनाले 'पढे लेखेकाले हलो छोड्ने, कमाएकाले थलो छोड्ने' प्रवृत्ति हाबी हुनु र मुलुक रेमिट्यान्समा भर पर्न थालेपछि कृषि ओरालो लाग्यो । कृषि वस्तुको आयात मनग्यै बढेको अवस्था र व्यापार घाटाको विकराल अवस्थाले राष्ट्रले कृषि र गैरकृषि सबैतर्फ गहन पुनर्विचार गर्नुपर्ने छ । कृषिलाई राज्यबाट प्रोत्साहन र संरक्षण केही नहुनु, अनुदानको पनि गलत मोडेल अवलम्बन गरिनु र कृषि उपज बेचबिखनमा बिचौलियाको हालीमुहाली, क्षमता नै ख्याल नगरी कृषिलाई स्थानीय तहको जिम्मा लगाइनु, आयातमुखी अर्थतन्त्रलाई प्रोत्साहन गरिनु र बढ्दो र अव्यवस्थित सहरीकरण कृषि ओरालो लाग्नुका मूल कारण हुन् ।

कृषि र किसानको अवस्था हेर्दा दुइटा दृष्टिकोण अपनाउनुपर्ने छ । एक कृषि, जहाँ परम्परागत ज्ञान, सिप रैथाने जात, नस्ल र प्रजातिलाई समावेश गर्ने । कमभन्दा कम लागतमा उच्च गुणस्तरको कृषि उत्पादन गर्ने जुन शुद्धता, स्वाद, बास्नालगायतका गुणस्तरमा अब्बल छ । हाल आएर सहरबजार र विदेशमा समेत यसको माग दिनदिनै बढिरहेको छ । महिला तथा साना किसानको संलग्नता अत्यधिक छ । उनीहरू विशेष गरी आफ्नो जीविकोपार्जन र अर्थोपार्जन लागि आफैं कृषि पेसा गर्छन् । अर्को बढीभन्दा बढी उत्पादन लिन वा व्यावसायिक कृषिका लागि उन्नत र हाइब्रिड बिउ तथा विदेशबाट ल्याइएका उन्नत गाई भैंसी तथा मत्स्य, सन्तुलित रासायनिक मल आदिको समुचित प्रयोग गरेर नाफामुखी कृषि गर्ने र आयात प्रतिस्थापनमा भूमिका खेल्ने । नेपालको सन्दर्भमा कृषिको विकास भनेको कृषिमा आत्मनिर्भर बनाई आयात घटाउने र देशलाई समुन्नत र स्वाधीन अर्थतन्त्रको दिशामा अग्रसर बनाउने नै हो ।

**चुनौती**

पहाडी भूभाग कमजोर र विकटयुक्त छ । अपार सम्भावना बोकेर अर्थतन्त्रको मेरुदण्ड रहेको कृषि हाल आएर थिलोथिलो भएको छ । कृषि वस्तुको उत्पादन कमी र लागत बढी भएकाले आयात दिनानुदिन बढिरहेको छ । हालका वर्षमा करिब साढे तीन खर्ब बराबरको कृषिजन्य वस्तुको आयात भइरहेको छ । यति बढी मात्रामा कृषि वस्तु आयात हुनु व्यापार घाटा र आत्मनिर्भरता दुवै दृष्टिकोणले चासो र चिन्ताको विषय हो । धेरैजसो खेती गरिने जमिनमा सिँचाइको सुविधा छैन । जुन वर्ष मौसमी वर्षा राम्रो भयो, त्यो वर्ष नेपालको कुल गार्हस्थ उत्पादनमा कृषिको भाग बढी हुन्छ भने मनसुन नराम्रो भएको अवस्थामा कृषिबाट हुने कुल गार्हस्थ उत्पादन घटेको पाइन्छ । बोटबिरुवालाई चाहिने आवश्यक खाद्य तत्वको रासायनिक मलको कारखाना देशमा नहुनाले आवश्यक सबै रासायनिक मलको आयात गर्नु पर्छ ।

तरकारी, धान र मकैका हाइब्रिड जात पनि चाहिँदो मात्रामा देशमा उत्पादन नहुँदा आयात भइरहेका छन् । गर्न सकिने र भूगोल अनुसारको बिउ उत्पादनलाई प्राथमिकता दिइएको छैन । युवाशक्तिलाई कृषि पेसा/व्यवसायमा आकर्षण गर्न नसक्दा रोजगारी सिर्जना गर्न सकिएको छैन । यसले दुई किसिमको असर पारेको छ । एक युवाशक्तिको विदेश पलायन र अर्को खेतीयोग्य जमिन बाँझो जग्गामा रूपान्तरण र अर्को कृषिमा यान्त्रीकरण हुन नसक्दा उत्पादन लागत बढिरहेको छ । सरकारी प्रयास बजारीकरणमा सहयोगी नहुँदा बिचौलियाको बिगबिगी छ, यसको मार कृषक उपभोक्ता दुवैले खेपिरहनु परेको छ । उत्पादन गरिएका वस्तु भण्डारण गरी लामो समयसम्म राख्ने भौतिक पूर्वाधार न्यून छन् । व्यावसायिक खेती गर्न न्यून जमिन छ त्यो पनि खण्डीकृत छ । वैज्ञानिक भूउपयोग नीति लागु गर्न सरकारले सकिरहेको छैन वा चाहिरहेको छैन । भूमाफिया खेतीयोग्य जमिनलाई प्लटिङ गर्न अहोरात्र खटिरहेका छन् । सस्तो दरमा पाइने कृषि कर्जा अवैज्ञानिक छ । सरकारी अनुदानले वास्तविक माटो खेलाउने कृषकलाई समेट्न सकेको छैन । जोखिम न्यूनीकरणमा बिमाले पर्याप्त भूमिका खेल्न सकेको छैन । कृषकमैत्री पनि छैन । मध्य पहाडी क्षेत्रको बस्ती खाली छन्, बाँझो जमिन बढिरहेको छ भने लगाएको खेती बालीमा बाँदरलगायत अन्य जङ्गली जनावरको प्रकोपले बसाइँसराइ गर्नुपर्नेसम्मको अवस्था छ । हाल आएर नेपालको कृषिले जलवायु परिवर्तनको मारसमेत खेपिरहेको छ । माटोमा अम्लियपन, बालीनालीमा रोगकिरा, दिन प्रतिदिन बढी रहेको पाइएको छ । स्थानीय तह, जुन कृषि कर्म गरिने मूल थलो हो, त्यहाँ यी र यस्ता चुनौती सामना गर्ने कुनै योजना, बजेट, जनशक्ति र हैसियत नै छैन । त्यसैले त कृषिले प्राथमिकता पाउन सकेको छैन ।

**कृषि उत्थान कसरी त ?**

कृषि भनेको उत्पादनको क्षेत्र हो । यसका लागि सामग्री/इन्पुट (सिँचाइ, बिउ, मल, श्रम र पुँजी) चाहियो अनि बल्ल आउटपुट/प्रतिफल आउँछ । त्यो प्रतिफल/उत्पादनलाई उचित व्यवस्थापन (बजार समेत) चाहिन्छ । यसका लागि के गर्ने त ? केही बुँदा प्रस्तुत गरिएको छ ।

१. सिँचाइका लागि ठुला ठुला आयोजना सुरु गरिनु पर्छ, सिक्टा, भेरी, बबई जस्ता सिँचाइ आयोजनाबाट पाठ सिक्दै । ठुला सिँचाइ आयोजनाको हालको प्रगति हेर्दा निराशाजनक छ ।

२. गुणस्तरीय र वर्णशङ्कर बिउको समेत उत्पादन, उपलब्धता बढाउनु पर्छ । बिउमा परनिर्भरता (आयात) दिनानुदिन बढिरहेको छ ।

३. रासायनिक मल समयमा उपलब्ध नहुने, बजारमा जथभाबी किन्दा कम गुणस्तरको पाइने र मालमा पाइने पोषक तत्वसमेत भने अनुसार भएको पाइँदैन । यसका लागि देशमै मल कारखाना खोल्नेदेखि समयमै माग अनुसारको मल उपलब्ध गराउन आवश्यक छ । प्राङ्गारिक मल र सन्तुलित मलको प्रयोगतर्फ पनि उपलब्धता बढाउने र जनचेतना जगाउनु पर्छ ।

४. कृषि श्रम महत्वपूर्ण छ । कृषि कर्म गर्न श्रम नपाइरहेको वर्तमान अवस्थामा यान्त्रीकरण गर्न जरुरी छ । हाम्रो भूगोलअनुसार पहाडी यान्त्रीकरणका लागि पनि सोंच्न जरुरी छ । देश सुहाउँदो आवश्यक औजारमा अनुसन्धान र अनुसरण गरी कम मानव श्रममा पनि उत्पादन गर्न सकिने प्रविधिको विकास गर्नु पर्छ । वीरगन्जस्थित कृषि औजार कारखाना सञ्चालनका लागि उचित बजेट विनियोज गरिनु पर्छ । युवालाई गाउँमै बसी कृषि श्रम गर्न मन लाग्ने स्थिति सिर्जना गर्नु पर्छ ।

५. कृषि बजार व्यवस्था अर्को प्रमुख चुनौती हो । किसानको उत्पादन बिक्री नहुने, उचित मूल्य नपाउने । उपभोक्ताले महँगोमा कृषिउपज खरिद गर्नु परिरहेको अवस्था अन्त्य गर्न जरुरी छ । यसका लागि प्रमुख बालीमा समर्थन मूल्य तोक्ने र प्रभावकारी रूपमा लागु पनि गर्ने । स्थानीय तहका अधिकांश स्थानमा साप्ताहिक हाटबजार (अन्न, तरकारी, फलफूल, माछा, पशुवस्तु) सबै किनबेच गर्न सकिने अवस्थाको सिर्जना गर्ने र आवश्यकता अनुसार उत्पादित कृषि वस्तुलाई अन्तर्राष्ट्रिय पहुँचका लागि सरकारले सहजीकरण गर्नु पर्छ । कृषि उत्पादनको उधारो खरिद बिक्री (जस्तै उखु, दुध) अन्त्य हुनु पर्छ ।

६. देशमा बढ्दो आयातको स्थितिलाई मध्यनजर राख्दै राष्ट्रमै सम्भावना भएका बाली/वस्तुको उत्पादन बढाउने मिसन कार्यक्रम सुरु गर्नु पर्छ । जस्तै धान, आलु, प्याज, तोरी, भट्मास स्याउ, तरकारी, आदि ।

७. निर्यात गर्न सकिने बाली/वस्तुमा (अलैंची, चिया, कफी, जडीबुटी, अदुवा, ऊन, पस्मिना, गलैंचा, काष्ठ सामग्री, मह, बेमौसमी तरकारी, छुर्पी ) उत्पादन वृद्धि र निर्यात प्रवर्धन कार्यक्रम सञ्चालनमा जोड दिन आवश्यक छ ।

८. सहज र सस्तो दरमा कृषि ऋणको उपलब्ध गराउन आवश्यक छ र ब्याजको भुक्तानी उत्पादन सुरु भएपछि मात्र लिने दिने व्यवस्था हुन जरुरी छ ।

९. कृषिको अनुसन्धान र विकासमा राज्यको लगानी अझ बढाउनु पर्छ । कृषि प्रविधि, ज्ञान, सिप र गुणस्तरीय कृषि सामग्रीमा कृषकको पहुँच बढाउनु पर्छ । अनुसन्धान कृषकको घर दैलोमा पुग्नु पर्छ । कृषि विकास, प्रसारले अनुसन्धानका नतिजा कृषकसामु पुर्‍याउने र शिक्षाले आवश्यकताअनुसारको जनशक्ति मात्र तयार गर्ने र उद्यमशीलता विकास गर्ने खालका पाठ्यसामग्री तयार गरी स्वरोजगार बन्न प्रेरित गर्ने वातावरण बनाउनु पर्छ ।

१०. सीपमूलक प्राविधिक शिक्षालाई गाउँगाउँमा पुर्‍याउनु पर्छ । उद्यमशीलतामा जोड दिनु पर्छ । विशेष गरी कृषि स्नातक/कृषि व्यवसाय पढेकामा स्वरोजगार बन्न सक्ने हैसियतका बनाउने र कलेज/विद्यालय वरिपरि जमिन, बाँझो जमिन भाडामा लिई खेती गर्ने प्रणाली अवलम्बन गरेमा विद्यार्थीले व्यावहारिक ज्ञान पनि सिक्ने र बाँझा जमिनको सदुपयोग भई उत्पादन पनि बढ्ने छ । 'पढ्दै कमाउँदै' कार्यक्रम जीवन जिउने कला पनि सिकाउने भएकाले अझ व्यापक विस्तार गर्नु पर्छ ।

११. वैज्ञानिक भूउपयोगको नीति लागु गर्ने र भूमि बैङ्कको अवधारणालाई कसरी मूर्तरूप दिने ? भूक्षयबाट कृषकको जमिन जोगाउने कार्य गर्न जरुरी छ ।

१२. पशुपालनबाट हुने उत्पादन लागत घटाउन घाँसपातमा आधारित पशुआहारालगायत कम खर्चिला प्रविधिबारे अनुसन्धान र अनुसरण गरिनु पर्छ । पशुको उत्पदनशीलता बढाउन नस्ल सुधारका गतिविधिलाई आक्रमक शैलीमा लागु गर्न जरुरी छ ।

१३. न्यानो पानी, चिसो पानीमा पालिने माछाको उत्पादकत्व वृद्धिका लागि मत्स्य आहारा र नस्ल सुधारमा विषेश जोड दिँदै कम लागत गर्न सकिने प्रविधिमा नवीनतम खोज अनुसन्धान कार्य सञ्चालन गर्न आवश्यक छ ।

१४. गैरकाष्ठ वन पैदावार जडीबुटी, डालेघाँस, जङ्गली तरकारी (च्याउ, निउरो, टुसा, जलुको, खोलेसाग, वनतरुल) उत्पादन बढाउन वैज्ञानिक वन व्यवस्थापन गर्न जरुरी छ । कुन कुनलाई जडीबुटी, जङ्गली तरकारीलाई घरेलुकरण गर्न सकिन्छ, प्रशोधन विधि र प्रक्रिया के के छन्, अध्ययन अनुसन्धान गर्न आवश्यक छ ।

१५. महानगरपालिका र नगरपालिका सहरी इलाकामा विज्ञको संलग्नतामा सहरी कृषि/ कौसी खेतीको योजना बनाइ लागु गर्नु पर्छ । जसले फोहोर व्यवस्थापन र घर परिवारलाई विषादीरहित कृषिउपजको आपूर्ति हुन्छ । केही हदसम्म आयात प्रतिस्थापनको समेत सम्भावना रहन्छ ।

१६. स्थानीय तहलाई कृषिमा आत्मनिर्भर बनाउन आआफ्नो क्षेत्रको सम्भावना पहिचान, सही योजनाको छनोट र कार्यान्वयनसमेतमा क्षमता अभिवृद्धि गर्ने र जसरी हुन्छ उत्पादनमूलक क्षेत्रमा बजेट विनियोजनतर्फ प्रेरित गर्नु पर्छ । एक वडा एक उत्पादन, प्रत्येक वडामा साप्ताहिक कृषि हाटबजार सञ्चालनमा ल्याउनु पर्छ ।

१८. कृषि पेसालाई सम्मानित बनाउन कृषक पहिचान, वर्गीकरण र योगदानमा आधारित कृषक पेन्सनको व्यवस्था गर्न जरुरी छ । राज्यका सबै तहमा कृषक प्रतिनिधि प्रतिनिधित्व हुनु पर्छ ।

१९. गाउँ फर्कने वातावरण बनाउन सक्दो प्रयास गरिनु पर्छ, गाउमै शिक्षा, स्वास्थ र रोजगारीको व्यवस्था गर्न सके बाँझो जमिनको पनि सदुपयोग हुने छ । मुक्त कमैया, हलिया, सुकुमवासीको पनि व्यवस्थापन हुने सामूहिक खेती, सहकारी खेती, करार खेती, कम्पनीद्वारा खेती जस्ता असल अभ्यासलाई अनुसरण गरिनु पर्छ ।

२०. देशभित्र अन्तर्राष्ट्रिय स्तरका प्रयोगशाला बन्नु पर्छ । क्वारेनटाइन चेकजाँच वैज्ञानिक, विस्वासिलो, छिटो छरितो र प्रभावकारी हुनु पर्छ ।

**निष्कर्ष**

कृषि नेपाल र नेपालीको जीवन पद्धति र तुरुन्त प्रतिफल दिने एक प्रमुख सम्भाग हो । हाम्रो भूगोल र जलवायुमा पाइने विविधताका कारण विश्वमा खेती गर्न सकिने प्राय सबै बालीको खेती यहाँ गर्न सकिन्छ । अदूरदर्शिता, हाम्रो अल्छीपन र उद्यमशीलताको कमीका कारण कृषि वस्तुको आयात बढिरहेको छ । हाम्रो उत्पादकत्व पनि न्यून र उत्पादन लागत बढी भएकैले चाहेजति रोजगारीको सिर्जना गर्न सकिएको छैन । स्थान विशेषको वातावरणअनुसार तुलनात्मक लाभका बाली/वस्तुको पहिचान गरी आधुनिक र व्यावसायिक तरवरले खेती गर्न सकेमा कायापलट हुन सक्छ । यसका लागि आवश्यक पूर्वाधारको विकाससँगै युवालाई अकर्षित गर्न र मर्यादित पेसामा रूपान्तरण गर्न जरुरी छ । स्थानीय तहलाई उत्पादनमूलक कार्यक्रममा बजेट विनियोजन गर्न नीतिगत व्यवस्था गर्नु पर्छ । आवश्यक परे निर्देशन दिन तथा आवधिक योजना तर्जुमा समेतमा केन्द्र सरकारले सहजीकरण गर्नु पर्छ । हामी अपार सम्भावना भएर पनि सही विश्लेषण, सोही अनुसारको कार्य योजना र कार्यान्वयनमा फितलोपन, सुशासनको कमी, र व्यवस्थापकीय क्षमताका कारण पछाडि परिरहेका छौं । आआफ्नो क्षेत्रबाट इमानदारीपूर्वक दृढ इच्छाशक्तिका साथ राष्ट्रनिर्माणको महान् लक्ष्यमा समाहित भए मात्र समुन्नत राष्ट्रको सपनालाई यथार्थमा परिणत गर्न सकिन्छ । गोपबाट

# ढोरपाटनमा यस याममा १३ नाउर र छ झारलको सिकार



ढोरपाटन। नेपालको एकमात्र 'ढोरपाटन सिकार आरक्ष'मा यस वर्षको दोस्रो याम (चैत-बैशाख) मा १३ नाउर र छ झारलको सिकार गरिएको छ।

यस आरक्षमा लिखित अनुमति लिएर तोकिएको समय र क्षेत्रमा नाउर, झारल, रतुवा र बँदेलको सिकार गर्न पाइन्छ । आरक्षमा दुई याममा सिकार खेलाइन्छ । पहिलो याम (असोज-कात्तिक) र दोस्रो याम (चैत-बैशाख) हुने गर्छ।

यस याममा आरक्षका ब्लकहरु सुनदहमा दुई नाउर र दुई झारल, सेडमा दुई नाउर, दोगाडीमा पाँच नाउर, बार्सेमा एक नाउर, फागुनेमा एक नाउर र एक झारल तथा घुस्तुङमा दुई नाउर र तीन झारलको सिकार गरिएको छ। सिकारीले अनुमति लिएकामध्ये एक नाउर, चार झारल र १३ बँदेलको भने सिकार गर्न नसकेको आरक्ष कार्यालयले जनाएको छ। यो वर्षको दोस्रो सिजनका लागि १४ नाउर, १० झारल र १३ बँदेलको सिकार गर्न कोटा निर्धारण गरिएको थियो।

पेसेवर विदेशी सिकारीका लागि यो आरक्ष विश्वमै प्रख्यात छ। यो आरक्ष यिनै वन्यजन्तुको सिकार गर्नका लागि विश्वमै एक प्रमुख गन्तव्यकै रूपमा चिनिएको छ । राष्ट्रिय निकुञ्ज तथा वन्यजन्तु संरक्षण विभागले सिकार खेल्नका लागि आवश्यक कानुनी प्रक्रियामार्फत् राजस्व निर्धारण गर्ने गरेको छ। सिकार खेलाएर आरक्षले आर्थिक वर्ष २०८०/८१ मा चार करोड २६ लाख ८८ हजार ७००, आव २०८१/८२ मा रु दुई करोड ७५ लाख ६० हजार ४०० र आव २०८२/८३ रु चार करोड १७ लाख ७९ हजार राजस्व आम्दानी गरेको आरक्षका रेञ्जर सागरप्रसाद सुवेदीले बताए।

नाउरको तौल औसतमा ७० केजीभन्दा बढी हुन्छ । सिकारीले सिकार गरेपछि वन्यजन्तुको आखेटोपहार (सिङ, छाला र खुर) कानुनी रूपमा व्यवस्थित तवरले आफूसँगै लैजाने गरेको रेञ्जर सुवेदीले जानकारी दिए। सिकार गरिएको वन्यजन्तुको मासु जङ्गलमा समूहमै खाने र अन्य फोहर गाड्ने गरिन्छ।

आरक्षमा यो याममा नेपाल ट्राभल एकसपिडिसन प्रालि, हिमालयन सफारिज प्रालि, हिमालयन वाईल्डलाइफ आउटफिटर्स प्रालि, ओपन नेपाल वाईल्डलाइफसफारी एण्ड ट्रेक प्रालि, ग्लोबल सफारिज नेपाल प्रालि रट्राक्स एण्ड ट्रेल्स प्रालिले सिकारका लागि टेण्डर पाएका थिए।

बोलपत्र बढाबढमा सबैभन्दा बढी मूल्य बोलकबोल गर्ने कम्पनीलाई सिकारका लागि छनोट गर्ने गरिएको विभागका वरिष्ठ इकोलोजिष्ट हरिभद्र आचार्यले जानकारी दिए । बोलपत्र बढाबढमा अधिकतम् एक नाउरको सिकार गर्न रु २३ लाखसम्म र झारलको सबैभन्दा बढी रु १८ लाखसम्म बोलकबोल गरिएको विभागको तथ्याङ्क छ। "सिकार गर्नका लागि सिकारीलाई २१ दिनसम्मको समय दिइन्छ। सिकारीले अनुमति प्राप्त बन्दुक र गोली आफ्नो देशबाट ल्याउने र त्यसैले सिकार गर्ने गर्छन्।"-वरिष्ठ इकोलोजिष्ट आचार्यले भने। सिकारीका लागि सो अवधिमा २५ देखि ३० जना सहयोगी टोली खटिन्छन्।

यी वन्यजन्तुको सिकार खेल्न दिनका लागि प्रत्येक पाँच वर्षमा गणना गरिन्छ। सन् २०२१ मा गणनाअनुसार नाउरको संख्या एक हजार २९० र झारलको संख्या ७४४ रहेको आरक्षका रेञ्जर सुवेदीले जानकारी दिए।

**कसरी निर्धारण गरिन्छ सिकार**

आरक्षमा वन्यजन्तुको गणनापछि वैज्ञानिक तरिकाले सिकार लागि निश्चित संख्या निर्धारण गरिन्छ। संख्या निर्धारण पछि बुढो उमेरको भालेको मात्र सिकार गर्ने, गरिने आरक्षको भनाइ छ। करिब १२ वर्षभन्दा बुढो उमेरका भालेको आँकलन गरी टेलिस्कोपबाट हेरेर पहिचान निश्चित गरिन्छ।

"यसरी सिकार गर्न दिँदा कुनै जनावर अत्यन्त न्यून वा सखापै हुने अवस्था रहँदैन । साथै जनावरको संख्या अत्यधिक बढेर आफ्नै बासस्थानलाई नोक्सान पुऱ्याउने वा स्थानीय बालीनालीलाई अत्यधिक क्षति पुऱ्याउने परिस्थिति पनि उत्पन्न हुँदैन।"-वरिष्ठ इकोलोजिष्ट आचार्यले भने।

विसं २०४४ मा स्थापना भएको यस आरक्षको क्षेत्रफल एक हजार ३२५ वर्ग किमी रहेको छ। रुकुम पूर्व, बाग्लुङ र म्याग्दीका केही भागमा आरक्ष फैलिएको छ। यस आरक्षमा ३२ प्रजातिका स्तनधारी जनावर पाइन्छन् । प्रमुख जनावर नाउर, झारल, थार र हिमाली भालु हुन्। यहाँ दुर्लभ एवं संरक्षित पन्छीको सूचीमा परेका डाँफे, मुनाल, चिरलगायत १६४ प्रजातिका चराहरू पाइन्छन् । वन्यजन्तुको सदुपयोगका साथै संरक्षण होस् भन्ने हेतुले यस क्षेत्रलाई सिकार आरक्ष बनाइएको हो।

आरक्षमा सिकार खोलाउने मध्येको एक हिमालयन सफारिज कम्पनीले यस याममा सिकारका लागि नाउर दुई, झारल एक र दुई बँदेलको अनुमति लिएको जनाएको छ। त्यसमध्ये दुई नाउरको सिकार गरेको र मौसमी प्रतिकूलताका कारण एक झारलको सिकार गर्न नसकिएको सञ्चालक महेश बस्नेतले बताए।

"प्रायः सिकारीले बँदेलको सिकारमा खासै इच्छा देखाउँदैनन् र सहजै भेटिएमा मात्र सिकार गर्ने गरेका छन् । तर नाउर र झारलसँगै संख्याको अनुपातमा बँदेलको पनि सिकारका लागि अनुमति भने लिनैपर्ने कानुनी प्रावधान छ ।"-सञ्चालन बस्नेतले भने।

यस याममा संयुक्त राज्य अमेरिका, फ्रान्स, स्पेन, रसिया, जर्मनी, बेल्जियम र डेनमार्कका नागरिक सिकार खेल्न आएका थिए। कम्पनीहरूले प्रतिसिकारी पर्यटकबाट ३० देखि ३५ हजार अमेरिकी डलर लिएर सिकार खेलाउने गरेका छन्। यसअघिको तुलनामा आरक्षमा चोरी, सिकारी नियन्त्रण भएकोले वन्यजन्तुको संख्यामा वृद्धि देखिएको सिकार कम्पनीहरुको भनाइ छ।

# सिक्दै, कमाउँदै मङ्गला माविका विद्यार्थी

म्याग्दी । म्याग्दीको बाबियाचौरमा रहेको मङ्गला माध्यमिक विद्यालयका विद्यार्थीहरूले हाँसिल गरेको प्राविधिक शिक्षालाई व्यवहारिक रूपमा प्रयोग गरेर व्यावसायिक रूपमा तरकारीखेती गरी आम्दानी गर्न थालेका छन् ।

मङ्गला गाउँपालिका-२ स्थित उक्त विद्यालयको प्राविधिक धारतर्फ कक्षा ९ देखि १२ सम्म कृषि विषय अध्ययन गर्ने विद्यार्थीहरूले जग्गा भाडामा लिएर तरकारी खेती गरेका हुन् । विद्यालयको कृषि प्राविधिकका संयोजक करन कँडेलले विद्यार्थीहरूले प्रयोगात्मक अभ्यासका लागि गरेको तरकारीखेतीबाट आम्दानी पनि गर्न थालेका जानकारी दिए।

"कक्षा कोठामा विद्यार्थीले हासिल गर्ने सैद्धान्तिक ज्ञानलाई दिगो र व्यवहारिक बनाउन प्रयोगात्मक अभ्यासका लागि दुई रोपनी जग्गामा मौसम अनुसारका तरकारी खेती गरेका छौँ", उनले भने-"विद्यार्थीले उत्पादन गरेको तरकारी विद्यालयकै चमेनागृह, छात्रावास, विद्यार्थीको घरायसी उपभोगका साथै बाबियाचौर बजारमा बिक्री गर्दै आएका छन् ।"

हिजोआज जिरीको साग बेचिरहेका विद्यार्थीहरूले जुकेनी फर्सी, गोलभैँडा, तितेकरोला र खुर्सानीको पनि खेती गरेका छन् । ताजा तरकारीका साथै यामअनुसार नर्सरीमा बिरुवा उत्पादन गरेर बेच्ने पनि गरेका छन् । एक सिजनमा रु ५० हजारसम्मको तरकारी उत्पादन गर्छन् ।

कक्षा ९ का विद्यार्थी देविना पुनले सैद्धान्तिकसँगै प्रयोगात्मक अभ्यास गर्दा पढेको विषयवस्तुलाई बुझ्न सजिलो भएको बताइन्। बागलुङबाट कृषि विषय अध्ययनका लागि मङ्गला माविमा आएकी प्रतिज्ञा बिकले प्राविधिक शिक्षाका साथै उत्पादनलाई बजारीकरण र व्यावसायिक गर्ने ज्ञान र सीप हासिल गर्न पाउँदा भविष्यमा स्वरोजगार र आत्मनिर्भर बन्न सकिने आत्मबल बढेको बताइन् ।

अर्का विद्यार्थी नविन सुनारले पढाइसँगै आयआर्जन गर्ने र व्यावसायिक बन्ने व्यवहारिक ज्ञान, सीप हासिल गर्न पाएको अनुभव सुनाए। यस विद्यालयमा विसं २०७६ देखि प्राविधिक धारतर्फ कृषि विषयमा पठनपाठन सुरु भएको थियो। कक्षा ९ देखि १२ सम्म कृषि विषयको पठनपाठन हुने गरेको छ।

हालसम्म ५० जनाभन्दा बढीले कक्षा १२ उत्तीर्ण गरेका र हाल ५२ जना विद्यार्थी कृषि प्राविधिक विषय अध्ययन गरिरहेका प्रधानाध्यापक गमबहादुर खत्रीले बताए । बाबियाचौरका साथै अर्मन, कुहुँ, बरङ्जा र बेनी नगरपालिकाबाट कृषि विषय पढ्नका लागि विद्यार्थीहरू आएका उनले जानकारी दिए।

पञ्चकन्या रूपन्देही सुपरलिगः

# बैतुल्लाहले लिए नौ विकेट, खुकुरीको जित




भैरहवा। बैतुल्लाह खानले उत्कृष्ट बलिङ गर्दै ९ विकेट लिएपछि रुपन्देही क्रिकेट संघको आयोजनामा भैरहवामा जारी 'पञ्चकन्या रुपन्देही सुपरलिग' अन्तर्गत 'ए' डिभिजनको शनिबारको खेलमा लुम्बिनी खुकुरी क्लबले सानदार जित हात पारेको छ । खुकुरीले बुटवल राइनोजमाथि ९ विकेटको सानदार जित निकालेको हो।

भैरहवास्थित सिद्धार्थ क्रिकेट मैदानमा टस जितेर ब्याटिङको निम्तो पाएको बुटवल राइनोजले निर्धारित ५० ओभरमध्ये २२ ओभर खेल्दै सबै विकेटको नोक्सानीमा जम्मा ७२ रन बनायो।

उसलाई सस्तैमा रोक्न लुम्बिनी खुकुरीका बैतुल्लाह खानले ९ ओभर बलिङ गर्दै २ मेडनसहित जम्मा ३४ रन खर्चेर महत्वपूर्ण ९ विकेट लिए। उनी प्यलेयर अफ द म्याच भई एक हजार दुई सय रुपैयाँ समेत प्राप्त गरे । यस्तै, अजय चौहानले १ विकेट लिन सफल भए।

बुटवल राइनोजका उत्तम थापा मगरले १७ र सुशान्त शाक्यले १० रन बनाए पनि अन्य कुनै पनि ब्याटरले दोहोरो अंकमा रन बटुल्न सकेनन्।

लुम्बिनी खुकुरीले ९ ओभर ४ बलमा १ विकेट गुमाएर ७३ रन बनाउँदै सहजै जित निकाल्यो।

उसका लागि समीर अली मुसलमानले ६ चौका र २ छक्काको मद्दतमा अविजित ५७ रनको अर्धशतकीय पारी खेले। यस्तै, अजय चौहानले नटआउट १७ रन बनाए। बुटवल राइनोजका सुमित थापाले १ विकेट लिए।

प्रतियोगिताको विजेता टिमले १ लाख १ रुपैयाँ र उपविजेताले ५० हजार १ रुपैयाँका साथै ट्रफी, मेडल र प्रमाणपत्र प्राप्त गर्ने छन्। यस्तै, म्यान अफ द सिरिजले १५ हजार, बेष्ट ब्याटर, बेस्ट बलर र उदीयमान खेलाडीले जनही ५ हजार र प्रत्येक खेलको म्यान अफ द म्याचले १ हजार दुई सय रुपैयाँ प्राप्त गर्ने खेल संयोजक प्रथम पराजुलीले बताए।

प्रतियोगितामा माउण्ट एभरेष्ट कत्था मिलले विजेता र विके ज्वेलर्सले उपविजेता पुरस्कारको प्रायोजन गरेका छन् । यसैगरी सिद्धार्थ उद्योग वाणिज्य संघ, होटल स्टार होलिडे, स्थानीय खेलप्रेमी रविकुमार रौनियार, प्रतीक ट्रेड लिंक र स्थानीय व्यवसायी अमितकुमार गुप्ताले पनि प्रतियोगितालाई प्रायोजन गरेका छन्।

# नरैनापुरमा छोटी भन्सार सञ्चालनमा आउँदै



नेपालगञ्ज । द्वन्द्वकालमा बन्द रहेको बाँकेको छोटी भन्सार नरैनापुर सञ्चानलमा आउने भएको छ।

भन्सार विभागका निर्देशक किशोर बर्तौलाले नरैनापुर छोटी भन्सार नेपालगञ्ज भन्सार अन्तरगत रहेर सञ्चालनमा आउने जानकारी दिँदै भौतिक पूर्वाधारको निर्माण र कर्मचारीको व्यवस्थान गरिने बताए।

"यो छोटी भन्सार अस्थायी पैठारी र घरायसी सामान ल्याउनका लागि मात्रै हो ।"- उनले भने । भन्सार नियमावली २०८३ मा बाँकेको नरैनापुरमा पनि छोटी भन्सार स्थापना हुने उल्लेख भएपछि यस क्षेत्रका स्थानीय व्यवसायी तथा ब्यापारी खुशी देखिएका छन्।

सात वटा छोटी भन्सार रहेको बाँकेमा अन्य बन्द भएपनि जिल्लाको नरैनापुरमा मात्रै छोटी भन्सार स्थापनाका लागि तयारी गरिएको भन्सार कार्यालय नेपालगन्जका प्रमुख जर्नादिन पौडेलले जानकारी दिए।

"यहाँ रहेका सात वटा छोटी भन्सारमध्ये नरैनापुरको मात्रै परेको छ, यो पनि भन्सार नियमावलीको अनूसूचीमा नाम उल्लेख भएको मात्र हो ।"-उनले भने।

छोटी भन्सारबाट समान दुरुपयोगको जोखिम हुने उल्लेख गर्दै उनले मूल भन्सारबाट समान नल्याएर छोटी भन्सार लैजाने प्रचलन रहेको व्यवसायीलाई आरोप लगाए।

नरैनापुरबाट धेरै समान त आउँदैन आलु, प्याज र केही पशु आउन सक्ने पौडेलको भनाइ छ । उनले नरैनापुरमा छोटी भन्सार सञ्चालनमा आउने निश्चित भए लगत्तै एकसातामा नै सञ्चालनमा आउने जानकारी दिए।

उद्योग वाणिज्य सङ्घ, नेपालगञ्जका वरिष्ठ उपाध्यक्ष चिरञ्जीवी ओलीले छोटी भन्सार स्थापन हुनु व्यवसायीका लागि खुशीको कुरा भएको उल्लेख गर्दै मुख्य भन्सारबाट आउने सामान छोटी भन्सारबाट नआउने तर्क गरे।

उनले राजस्व सङ्कलनसँगै तस्करी नियन्त्रणमा सघाउ पुग्ने भएकाले वैधानिक व्यवसाय र ब्यापार गर्नेका लागि सुखदस्थिति भएको बताए।

आइसिपीबाट आउने कन्टेनरसहितका समान छोटी भन्सारबाट नआउने ओलीको भनाइ छ।

सङ्घका पूर्वअध्यक्ष कृष्णप्रसाद श्रेष्ठले नरैनापुर छोटी भन्सार अहिलेको अवस्थामा स्थापना भए डिजिटल प्रणालीमा सञ्चालन हुनुपर्नेमा जोड दिँदै त्यसले जमुहनाह नाकाको भीड घट्ने विश्वास व्यक्त गरे।

उनले छोटी भन्सारबाट राज्यले नाफा लिन सक्ने अवस्था हुनुपर्ने उल्लेख गर्दै नरैनापुर छेटी भन्सार पारदर्शी रूपमा सञ्चालनमा आउनुपर्ने बताए।

चोरी, निकासी बन्द हुनुपर्छ र आसपासका स्थानीयले यसको फाइदा लिनुपर्छ श्रेष्ठको भनाइ छ।

सङ्घका पूर्वअध्यक्ष नन्दलाल वैश्यले नेपालगन्जका व्यवसायीका लागि राम्रो अवसर भएको उल्लेख गर्दै अवैध ब्यापार निरुत्साहित हुने बताए । तत्कालीन द्वन्द्वकालमा यहाँ सञ्चालनमा रहेका सात छोटी भन्सार असुरक्षाका कारण बन्द भएका थिए।

**डोजर...**

शहर आसपासका धेरै स्थानहरूमा मानिसहरू सुरुमा सुकुम्वासीका रूपमा बसेका भए पनि समयक्रममा त्यहाँ राज्यकै लगानीमा खानेपानी, बिजुली, सडकलगायतका पूर्वाधार विकास गरिएको , स्थानीय तहमार्फत् टोल विकास संस्था गठन भएका र पछि ती बस्तीहरूमा किनबेच समेत भई अन्य नागरिकहरू पनि बसोबास गर्न थालेको अवस्थामा सबैलाई अवैध घोषणा गर्दै विना विकल्प घर भत्काउनु मानवता विरोधी र अन्यायपूर्ण हुने ज्ञापनपत्रमा प्रष्ट पारिएको छ।

तथ्य, प्रमाण र इतिहाससमेतलाई आधार मानी नेपालको संविधान २०७२ को धारा ३७ ले प्रत्येक नागरिकलाई सुरक्षित आवासको अधिकार प्रदान गरेको र कसैलाई जबर्जस्ती घरबाट हटाउँदा वैकल्पिक व्यवस्था गर्नुपर्ने व्यवस्था गरेको सरकारलाई ज्ञापनपत्रमा स्मरण गराइएको छ।

यस्तै संविधानको धारा ४३ मा सामाजिक सुरक्षा अधिकार तथा धारा ३३ मा रोजगारीको अधिकार सुनिश्चित गरिएको पनि स्मरण गराइएको छ।

राज्य पक्ष, केही मिडिया, व्यक्ति तथा पुँजीपति वर्गबाट सुकुम्वासी र हुकुम्वासी भन्ने शब्द प्रयोग गरी फैलाइएको भ्रम र आतंक सरासर गलत रहेको ज्ञापनपत्रमा स्पष्ट पारिएको छ।

विगतमा पहाडी क्षेत्रमा सडक, बिजुली, स्वास्थ्य संस्था, विद्यालय तथा रोजगारीका अवसर नहुँदा मानिसहरू जीविकोपार्जनका लागि शहर आसपासका स्थानमा बसाइँ सर्न बाध्य भएका उल्लेख गर्दै धेरै नागरिकहरूले पहाडको थोरै जमिन बेचेर, विदेशमा पसिना बगाएर वा स्वदेशमै श्रम गरेर कमाएको पैसाबाट शिक्षा, स्वास्थ्य, रोजगार र सहज जीवनको खोजीमा राज्यले पूर्वाधार विकास गरेको क्षेत्रमा घर बनाएर बसोबास गरेकाले सुकुम्वासी र हुकुम्वासी भनेर गरिने प्रचार अन्यायपूर्ण र अपमानजनक रहेको प्रष्ट पारिएको छ।

राज्यले विगत २०-३० वर्षदेखि बसोबास गरिरहेका नागरिकका घरहरू सार्वजनिक सम्पत्ति भन्दै डोजर लगाएर भत्काउने हो भने, सर्वप्रथम विगतमा शासकहरूले निर्माण गरेका दरबार, महल, कोट तथा लालमोहर, बिर्ता र हुकुममार्फत् बाँडिएका जमिनको वैधानिकता पनि पुनः समीक्षा गरिनुपर्ने ज्ञापनपत्रमा उल्लेख छ। भूमि सुधारपछिको नापजाँच, जग्गा वितरण तथा विभिन्न आयोगमार्फत् वितरण गरिएका जमिनहरूको ऐतिहासिक पृष्ठभूमिसमेत छानबिन गर्न पनि संघर्ष समितिले माग गरेको छ।

विगतका सरकारले भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवासीलाई जग्गाधनी प्रमाणपूर्जा उपलब्ध गराउने उद्देश्यले भूमि आयोग गठन गरी तथ्यांक संकलन गरेको र सो क्रममा नागरिकहरूको तीन पुस्तेसम्मको विवरण, चल-अचल सम्पत्ति, नापजाँच तथा कतिपय स्थानमा राजस्व संकलनसमेत भइसकेको र कतिपय नागरिकलाई लालपूर्जा वितरणसमेत गरिसकिएको अवस्थामा अहिले आएर डोजर आतंक मच्चाउनु अत्यन्त खेदजनक रहेको ज्ञापनपत्रमा उल्लेख छ।

रुपन्देहीका करिब एक लाख परिवार भूमिहीन सुकुम्वासी र अव्यवस्थित बसोवासी छन् । ती मध्ये करिब ७० हजार अव्यवस्थित बसोवासी छन्।

**घण्टीमा...**

चुनावअघि नै आफूले दललाई एक ठाउँमा राखेर चुनावमा नजान सुझाव दिएको जिकिर गरे । उनले बालेनलाई प्रधानमन्त्री बनाएर गरिब लखेट्ने योजना बनाइएको उनको भनाए छ।

उनले भने-'हामीलाई धनी मात्र होइन, मजदुर, ड्राइभर, खलासी, जुत्ता सिलाउने मोची, कपाल काट्ने नाई सबै चाहिन्छ। धनी वर्ग केन्द्रित 'सिटी' बनाउने प्रयास भइरहेको छ।'

उनले अहिले घण्टीमा भोट हाले भन्नेहरू एक महिनामै लुक्ने अवस्थामा पुगिसकेको बताए। उनले केपी ओलीले जस्तै बालेनले पनि शक्ति आफ्नो हातमा ल्याइरहेको भन्दै शक्ति भनेको जनता भन्ने नभुल्न चेतावनी दिए।

ट्वाइलेट सफा गराउनुहोस्
के तपाईंको घरको शिट, नाली, जाम भयो भने चिन्ता नलिनुहोस र सेनेटरी जगतमै बढी क्षमता, अत्याधुनिक प्रविधि, पावर फूल रोटर भ्याकुम पम्प, बिजुली नचाहिने एक मात्र सेनेटरीलाई सम्पर्क गर्नुहोस् ।
लोडसेडिङ्गको बेला पनि सेवा दिइने छ ।
सम्पर्कः
तिनाउ सेनेटरी
बुटवल-१०, सुख्खानगर, रूपन्देही,
फोनः ९८५७०५८८१३,९८०७१८०८१३

ट्वाइलेट सफा गराउनुहोस्
सेफ्टी ट्याङ्की, भरिएर, शिरनाली जाम भएर समस्या परेको छ ?
हामी तपाईंको समस्या तुरून्त ५ मिनेटमै हल गरी दिनेछौं ।
क्षेत्रः लुम्बिनी, भैरहवा, परासी, बुटवल मर्चवार

प्रो. रामशाह शाहानी
विशाल सेनेटरी
बर्मेलीटोल, भैरहवा
मो.9847324755,9804406297

ट्वाइलेट सफा गराउनुहोस्
तपाईको सहर बुटवल तथा लुम्बिनी अंचलमा आधुनिक जापानीय मेशिनद्वारा सेफ्टी टंकी ट्वाइलेटको रिङ्ग भरिएमा १० मिनेटमा नै सफा गरिनेछ ।
- ट्वाइलेट, बाथरुम, किचन र नाली जाम भएमा हामीलाई सम्झनुहोस् ।
- लोडसेडिङ्ग भएको बेलामा पनि अत्याधुनिक भ्याकुमद्वारा १० मिनेटमै सफ्टी टंकीको रिङ्ग खाली गरिने छ ।
सम्पर्कः
सुपथ मूल्यमा काम गर्ने र गराउन हामीलाई एक चोटी सेवा गर्ने मौका दिनुहोस
सीताराम सफा सेनेटरी
भैरहवा
९८६९७८९२७५,९८००७६०६२२



**योग साधनाः**
पतञ्जली योग समिति स्याङ्जाको आयोजनामा पतञ्जली योग पीठ वालिङमा योग साधनामा सहभागी योग साधकहरू । तस्विरःरासस

# चुनावमा असहयोग गरेकालाई कारबाही हुन्छ : गगन



बुटवल । नेपाली कांग्रेसका सभापति गगनकुमार थापाले पार्टीको आधिकारिक सदस्यले उम्मेदवार मन नपरेको भनेर रूखबाहेक अन्य चुनाव चिन्हमा मतदान गर्न नपाइने बताएका छन् ।

कैलालीको धनगढीमा आयोजित 'प्रदेश र स्थानीय तह केन्द्रित प्रदेशस्तरीय भेला' लाई सम्बोधन गर्दै उनले क्रियाशील सदस्यहरूले रूखबाहेकको चुनाव चिन्हलाई मतदान गर्न पाउने व्यवस्था आफ्नो शब्दकोशमा नभएको बताए ।

'नेपाली कांग्रेसको क्रियाशील सदस्य हुने, कांग्रेसको नेता हुने, पार्टीका तर्फबाट सांसद बन्ने, मन्त्री बन्ने, पार्टीका तर्फबाट स्थानीय तहमा विभिन्न जिम्मेवारी लिने, वा कांग्रेस पार्टीको आधिकारिक सदस्य हुने,' सभापति थापाले भने-'तर, यो चुनावमा मलाई उम्मेदवार मन परेन । त्यस कारणले गर्दा मैले अन्तै चिन्हमा भोट हाले भन्न पाइँदैन । त्यसको कुनै तर्क हुँदैन । पाइँदै पाइँदैन । मेरो डिस्नरीमा त्यो छैन ।'

कांग्रेसको मान्छेले चुनावको दिनमा रूख चिन्हबाहेक अर्को चिन्हको बारेमा सोंच्न पनि सक्दैन र सोंच्न पनि पाउँदैन भन्ने बुझाई राखेर आफू हुर्केको भन्दै उनले अहिले पनि त्यही कुरा बुझ्ने गरेको बताए ।

सभापति थापाले पार्टीको जिम्मेवारीमा बसेर २१ फागुनको निर्वाचनमा उम्मेदवारलाई असहयोग गरेको नेताहरूलाई केही समयका लागि जिम्मेवारीमुक्त गरिने पनि बताए ।

'हामी सबै जना प्रस्ट बनौं । जसले यो निर्वाचनमा पार्टीको जिम्मेवारीमा बसेर पार्टीका उम्मेदवार असहयोग गर्नुभयो, उहाँहरूलाई पार्टीको जिम्मेवारीबाट केही समय बाहिर राख्नै पर्छ,' सभापति थापाले भने-'राखिन्छ । यसमा कहाँ, को, के, यसमा इफ बट केही पनि छैन ।'

रूपन्देहीमा प्रहरीको 'अपरेसन डेल्टा'

# लागुऔषध सेवन गरी सवारी चलाउने १७ चालक पक्राउ



**मोहम्मद हबिब**
*भैरहवा*

रुपन्देही जिल्लाका विभिन्न ३ वटा मुख्य राजमार्गको सडकखण्डमा लागुऔषध सेवन गरेर सवारी साधन चलाउने चालकहरूमाथि प्रहरीले कडा निगरानी सुरु गरेको छ । सिद्धार्थ राजमार्गलगायतका भित्री सडकहरूमा सार्वजनिक सवारीका चालकहरूले लागुऔषध सेवन गरी लापरबाहीपूर्वक गाडी चलाइरहेको विशेष सूचनाका आधारमा जिल्ला प्रहरी कार्यालय रुपन्देहीले 'अपरेसन डेल्टा' सञ्चालन गरेको हो ।

जिल्ला प्रहरी कार्यालय रुपन्देही, लागुऔषध नियन्त्रण ब्यूरो शाखा कार्यालय भैरहवा, जिल्ला ट्राफिक प्रहरी कार्यालय रुपन्देही र नेपाल लुम्बिनी प्रादेशिक प्रहरी अस्पताल नेपालगञ्जको प्राविधिक चिकित्सकसहितको टोलीले शनिबार दिउँसो ४ बजेदेखि साँझ ६ बजेसम्म अभियानअन्तर्गत हुलाकी राजमार्गको धकधई र लुम्बिनीमा, सिद्धार्थ राजमार्गको भैरहवा बुद्धचोकमा र महेन्द्र राजमार्गको बुटवलमा भएको चेकजाँचमा सय बढी सार्वजनिक चालकलाई परीक्षण गरिएको थियो ।

प्रहरी टोलीले यि स्थानमा आकस्मिक चेकपोइन्ट राखेर सय बढी चालकहरूको पिसाब परीक्षण गर्दा १७ जना चालकको रिपोर्ट 'पोजेटिभ' देखि लागुपदार्थ सेवन गरी गाडी चलाएको पाइएको जिल्ला प्रहरी कार्यालय रुपन्देहीका निमित्त प्रमुख डीएसपी कृष्णकुमार चन्दले जानकारी दिए । प्रहरीले लागुपदार्थ सेवन गरी यात्रुको ज्यान जोखिममा पारेको पुष्टि भएपछि उनीहरूलाई तत्कालै पक्राउ पुर्जी दिई नियन्त्रणमा लिइएको छ ।

पक्राउ पर्ने चालकहरूमा रुपन्देहीसहित कैलाली, अर्घाखाँची, दाङ, धादिङ, नवलपरासी र उदयपुर जिल्लाका रहेका छन् । पक्राउ पर्नेमा जिल्ला रुपन्देही तिलोत्तमा वडा नं. १४ बस्ने वर्ष २४ को मंजिल परियार, लुम्बिनी वडा नं. ३ बस्ने वर्ष २२ को इमरान अलि मुसलमान, तिलोत्तमा वडा नं. ६ बस्ने वर्ष ४८ को कुल प्रसाद रेग्मी, सिद्धार्थनगर वडा नं. १ बस्ने वर्ष ३८ को सुरज राना, लुम्बिनी वडा नं. ९ बस्ने वर्ष ४४ को सरिफ अहमद, तिलोत्तमा वडा नं. ५ बस्ने वर्ष ३० को विशाल मगर, तिलोत्तमा वडा नं. ३ बस्ने वर्ष ४२ को होमबहादुर क्षेत्री, तिलोत्तमा वडा नं. १२ बस्ने वर्ष २३ को दिपेश कठरिया थारु, बुटवल वडा नं. ११ बस्ने वर्ष ४७ को सूर्यबहादुर वि.क., जिल्ला बुटवल वडा नं. १३ बस्ने वर्ष २६ को प्रविण सिन्जाली, कैलाली चुरे वडा नं. ५ बस्ने बर्ष २५ को मोहन राना मगर, अर्घाखाँची पाणिनी वडा नं. ६ बस्ने वर्ष ३२ को सुमन परियार, दाङ तुलसीपुर वडा नं. १५ बस्ने वर्ष २७ को सन्जु चौधरी, धादिङ गजुरी वडा नं. ५ बस्ने वर्ष २४ को जिपसन राई, नवलपरासी रामग्राम १६ बस्ने वर्ष २८ को सन्तोषकुमार चौधरी, नवलपरासी बर्दघाट वडा नं. ४ बस्ने वर्ष ३४ को ताराप्रसाद उपाध्याय र उदयपुर चौदण्डी नगरपालिका वडा नं. ९ बस्ने वर्ष २५ को विवेक राई रहेका छन् ।

उनीहरूलाई लागुऔषध नियन्त्रण ऐन २०३३ बमोजिम कानुनी कारबाही अगाडि बढाइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । सवारी दुर्घटना न्यूनीकरण गर्न र धनजनको क्षति हुनबाट जोगाउन यस्ता आकस्मिक चेकजाँचलाई आगामी दिनमा पनि निरन्तरता दिइने निमित्त प्रमुख डीएसपी चन्दले जानकारी दिए ।

सिमावर्ती क्षेत्रमा खुला रुपमा पाइने लागुऔषधको सेवन गरी सवारी चलाउँदा ज्यान नै जोखिममा हुने गरेको भन्दै सडक सुरक्षा अभियानअन्तर्गत जिल्ला ट्राफिक प्रहरी कार्यालयको नेतृत्व र जिल्ला प्रहरी कार्यालयको सहकार्यकामा पनि केही दिन पहिला चालकहरुले मादक पदार्थ सेवन तथा लागुपदार्थ सेवन (लापसे) गरे नगरेको परीक्षण गरिएकोमा ८ जनाले लापसे गरी सवारी चलाएको पाइएको जिल्ला ट्राफिक प्रहरी प्रमुख प्रहरी निरीक्षक प्रतिमा कार्कीले बताइन् ।

ठुला सवारीसाधन माइक्रो र बस, टिपर, हाइबालगायतका गाडीहरुको चालकको रेपिड मल्टी ड्रग टेष्टडिपकार्ड (किट) मार्फत चालकले विभिन्न ६ प्रकारको लागुऔषध सेव गरे नगरेको परीक्षण भएको थियो । परीक्षण गर्ने किटले ६ प्रकारको लागुऔषध प्रयोग गरेको हो वा हैन भन्ने पुष्टि गर्छ । गाजा, कोकिन, ब्राउन सुगर, डाइजेपाम, एम्फेटामाइन र बार्विटुरेट्स समूहको लागुऔषध प्रयोग गरेको छ भनि किटमार्फत् अन द स्पट चेक हुने छ । किट केही खर्चिलो भएकोले यो अभियानलाई निरन्तर गर्न नसके पनि बेला बेलामामा भएको सीमित किटमार्फत् छड्के परीक्षण गर्ने गरेको कार्यालयले जानकारी दिएको छ ।

# ज्येष्ठ नागरिकको सम्मान र सुरक्षामा ध्यान दिन राष्ट्रपतिको आग्रह



बुटवल । राष्ट्रपति रामचन्द्र पौडेलले समाजका ज्येष्ठ नागरिकको ज्ञान, सीप र अनुभवलाई नयाँ पुस्तामा हस्तान्तरण गर्नुपर्नेमा जोड दिएका छन् । मनमोहन स्मृति प्रतिष्ठानद्वारा आयोजित 'ज्येष्ठ नागरिकको ज्ञान र सीप हस्तान्तरण' सम्बन्धी अन्तर्राष्ट्रिय सम्मेलनको उद्घाटन गर्दै राष्ट्रपति पौडेलले सो धारणा व्यक्त गरेका हुन् ।

उनले अधिकारीलाई दक्षिण एशियाकै प्रथम निर्वाचित वामपन्थी प्रधानमन्त्री तथा सरल र सादगी नेताका रूपमा चित्रण गरे । राष्ट्रपति पौडेलले वि.सं. २०५१ सालमा मनमोहन अधिकारी नेतृत्वको सरकारले पहिलो पटक ज्येष्ठ नागरिकका लागि मासिक वृद्ध भत्ताको सुरुवात गरेको ऐतिहासिक तथ्यको स्मरण गरे ।

तत्कालीन समयमा १०० रुपैयाँबाट शुरु भएको भत्ता हाल ४ हजार पुगेको उल्लेख गर्दै उनले ज्येष्ठ नागरिकको सम्मान र सुरक्षामा सो कदम कोशेढुङ्गा सावित भएको बताए । ज्येष्ठ नागरिकलाई समाजको एक विशिष्ट वर्गका रूपमा परिभाषित गर्दै राष्ट्रपतिले उनीहरूको स्वास्थ्य उपचार, उचित खानपान र स-सम्मान बाँच्न पाउने हकको सुनिश्चितता हुनुपर्ने बताए ।

पछिल्लो समय बढ्दो सहरीकरण, युवा पुस्ताको वैदेशिक रोजगारी र पारिवारिक असमझदारीका कारण ज्येष्ठ नागरिकहरूले अपहेलित हुनुपरेकोमा उनले चिन्ता व्यक्त गरे ।

नेपालको जनसंख्या पनि बिस्तारै बुढ्यौलीतर्फ उन्मुख भइरहेको सन्दर्भमा यस अन्तर्राष्ट्रिय सम्मेलनले अन्य मुलुकका सफल अभ्यासहरूबाट सिक्ने अवसर प्रदान गर्ने उनले विश्वास व्यक्त गरे ।

सम्मेलनले अन्तर-पुस्ता ज्ञान हस्तान्तरण र ज्येष्ठ नागरिकको प्रभावकारी व्यवस्थापनका लागि एक सेतुको काम गर्ने भन्दै राष्ट्रपतिले कार्यक्रमको पूर्ण सफलताको कामना गरेका थिए ।

# बञ्चरो प्रहारबाट एक जनाको मृत्यु

बुटवल । दाङको राजपुर गाउँपालिका-४ मोतीपुरमा सामुदायिक वन क्षेत्रमा भएको विवादका क्रममा बञ्चरो प्रहारबाट एक जनाको मृत्यु भएको छ ।

स्थानीय ५५ वर्षीय भोला यादवको शनिबार दिउँसो करिब १२:४५ बजे तिर हत्या भएको प्रहरीले जनाएको छ । प्रारम्भिक जानकारीअनुसार सोही गाउँका करिब ४० वर्षीय ईश्वर हरिजनले रामजानकी सामुदायिक वन क्षेत्रबाट काठ लिने विषयमा भएको विवादका क्रममा यादवमाथि बञ्चरो प्रहार गरेको प्रारम्भिक अनुसन्धानबाट खुलेको छ ।

टाउकोमा गम्भीर चोट लागेका यादवको घटनास्थलमै मृत्यु भएको बताइएको छ । घटनापछि आरोपी ईश्वर हरिजन फरार रहेका छन् । प्रहरीले उनको खोजी कार्य तीव्र रूपमा अघि बढाइएको जनाएको छ ।

# केन्द्रीय कार्यालय आफ्नै जग्गामा बनाउन एमाले पुनर्जागरण अभियानको माग







बुटवल । नेकपा (एमाले) पुनर्जागरण अभियानले पार्टीको केन्द्रीय कार्यालय आफ्नै जग्गामा निर्माण गर्न माग गरेको छ ।

अभियानले एक वक्तव्य जारी गर्दै काठमाडौंको बल्खुस्थित मदननगरमा रहेको एमालेको आफ्नै जग्गा पार्टीको ऐतिहासिक, भावनात्मक तथा संगठनात्मक विरासतसँग जोडिएको उल्लेख गर्दै सोही स्थानमा केन्द्रीय कार्यालय निर्माण गर्नुपर्ने बताएको हो ।

लामो समयसम्म उक्त स्थानमा पार्टी कार्यालय सञ्चालन भएको, पार्टी सदस्यहरूको योगदान जोडिएको तथा लाखौं कार्यकर्ता र शुभेच्छुकको भावना गाँसिएको विज्ञप्तीमा उल्लेख गरिएको छ ।

यस्तै, अभियानले एमालेको इतिहास, विरासत र संगठनात्मक पहिचानसँग प्रत्यक्ष सम्बन्ध रहेको आफ्नै जग्गा हुँदाहुँदै निजी तथा सार्वजनिक सम्पत्तिमा कार्यालय सञ्चालन गर्नु उपयुक्त नदेखिएको जनाउँदै यसले पार्टीको आत्मनिर्भरता, संस्थागत गरिमा र सार्वजनिक छविमा समेत नकारात्मक प्रभाव परेको दाबी गरेको छ ।

बल्खुस्थित मदननगरको जग्गा प्राविधिक, भौगोलिक, ऐतिहासिक तथा भावनात्मक दृष्टिले केन्द्रीय कार्यालय निर्माणका लागि सबैभन्दा उपयुक्त रहेको अभियानले बताएको छ ।

साथै, अभियानले २०७९ असार २४ गतेदेखि सञ्चालन हुँदै आएको 'आत्मनिर्भरताका लागि ५००० बाट ५००० राष्ट्रिय अभियान'बाट जुटेको आर्थिक सहयोगको सदुपयोग गर्दै निर्माण कार्य अघि बढाउन आग्रह समेत गरेको छ ।

# सबै वडामा क्रियाशील सदस्यता अद्यावधिक : कांग्रेस

बुटवल । नेपाली कांग्रेसले १५औं महाधिवेशनलाई लक्षित गर्दै देशभरका ६ हजार ७४३ वटै वडामा क्रियाशील सदस्यता डिजिटल प्रणालीमार्फत् अद्यावधिक गर्ने कार्य तीव्र रूपमा अघि बढाएको जनाएको छ ।

पार्टीका कार्यवाहक मुख्य सचिव कृष्णप्रसाद दुलालले विज्ञप्ति जारी गर्दै क्रियाशील सदस्यहरूलाई आफ्नो आधिकारिक मोबाइल नम्बर पार्टीको केन्द्रीय कार्यालयको आधिकारिक नम्बर ९७०१२५५५५५ मा सूचीकृत गराउन आग्रह गरेका हुन् ।

विज्ञप्तिमा भनिएको छ-'१५औं महाधिवेशनका लागि क्रियाशील सदस्यता अद्यावधिक गराउने प्रक्रियामा आफ्नो आधिकारिक मोबाइल नम्बरमार्फत् नेपाली कांग्रेस केन्द्रीय कार्यालयको आधिकारिक मोबाइल नम्बर ९७०१२५५५५५ मा आफ्नो मोबाइल नम्बर सूचीकृत गराउन एकपटक सम्पर्क गर्न नेपाली कांग्रेसका सम्पूर्ण क्रियाशील सदस्यहरूलाई अनुरोध गरिन्छ ।'

सदस्यहरूले एकपटक उक्त नम्बरमा सम्पर्क गरी आफ्नो मोबाइल नम्बर दर्ता गराएपछि वडा सभापतिमार्फत् क्रियाशील सदस्यता अद्यावधिक गर्ने प्रक्रिया सहज, छिटो तथा व्यवस्थित हुने जनाएका छन् ।

पार्टीको निर्णयअनुसार सदस्यता अद्यावधिक कार्य जारी राखे पनि पूर्वसभापति शेरबहादुर देउवा र नेता डा. शेखर कोइराला समूह यो प्रक्रियामा सहभागी भएको छैन। सो समूहले १५औं महाधिवेशनको लागि सदस्यता अद्यावधिक भइरहेको जिकिर गर्दै गगन नेतृत्वको कार्यसमितिले गराएको अद्यावधिक स्वीकार नगर्ने अडान लिइरहेको छ ।

# दलितका लागि नागरिक सचेतना प्रशिक्षण

गुल्मी । गुल्मीको चन्द्रकोट गाउँपालिका वडा नम्बर ७, रुपाकोटमा दलित समुदायका नागरिकहरूका लागि एक दिवसीय जनचेतनामूलक प्रशिक्षण कार्यक्रम भव्यताका साथ सम्पन्न भएको छ ।

कार्यक्रमको उद्घाटन गर्दै प्रमुख अतिथि एवं चन्द्रकोट गाउँपालिकाका उपाध्यक्ष विष्णुप्रसाद भण्डारीले दलित समुदायको हक, अधिकार र न्यायका लागि पालिका सधैं प्रतिबद्ध रहेको बताए ।

उनले भने-'दलित समुदायको सामाजिक र आर्थिक उत्थानका लागि पालिकाले विभिन्न लक्षित कार्यक्रमहरू सञ्चालन गर्दै आएको छ र आगामी दिनमा यसलाई अझ प्रभावकारी बनाइनेछ ।'

कार्यक्रममा विशिष्ट अतिथिका रूपमा बोल्दै वडा नम्बर ७ का अध्यक्ष अनन्तराम भण्डारीले स्थानीयस्तरमा रहेका विभेदको अन्त्य गर्दै समुदायलाई सचेत बनाउन यस्ता कार्यक्रमको ठूलो भूमिका रहने उल्लेख गर ।

कार्यक्रममा दलित समुदायको कानुनी अधिकार, सामाजिक न्याय र वर्तमान अवस्थाका बारेमा अधिवक्ता कृष्ण विश्वकर्मा र पत्रकार प्रेम सुनारले सहजीकरण गरेका थिए । प्रशिक्षकद्वयले कानुनी उपचारका बाटाहरू र सञ्चार माध्यमको भूमिकाका बारेमा सहभागीहरूलाई स्पष्ट पारेका थिए ।

सो अवसरमा नेपाल रेडक्रस सोसाइटी रुपाकोटका सभापति युवराज भण्डारी, शारदा माध्यमिक विद्यालयका प्रधानाध्यापक कृष्णप्रसाद भण्डारी, कार्यपालिका सदस्य विष्णु कला थापा, वडा सदस्यहरू चित्रबहादुर केसी र विष्णु विकले पनि आ-आफ्नो धारणा राखेका थिए । त्यस्तै, पूर्व कार्यपालिका सदस्य कमल सुनार र पूर्व वडा सदस्य मनकला विकले पनि दलित अधिकारका क्षेत्रमा अझै धेरै काम गर्न बाँकी रहेकोमा जोड दिएका थिए ।

चन्द्रकोट दलित उत्थान समाज रुपाकोटका अध्यक्ष दीपक विकको अध्यक्षतामा सम्पन्न भएको उक्त कार्यक्रममा अमृत विकले स्वागत मन्तव्य राखेका थिए भने कार्यक्रमको सञ्चालन सन्तोष सुनारले गरेका थिए । कार्यक्रममा स्थानीय दलित समुदायका प्रतिनिधिहरूको उत्साहजनक सहभागिता रहेको थियो ।

प्रो. मञ्जु एण्ड सन्स्
फोनः ०७१-५३५३१७
९८५७०६०३६८, ९८५७०६०३८४
KKJ न्यू कुमकुम ज्वेलर्स
वि.पि. चोक, बुटवल-४, रूपन्देही

विगत १५ वर्षदेखि तपाईंको सेवामा समर्पित
स्वदेशी तथा विदेशी डिजाईनका शुद्ध सुन चाँदीबाट बनेका गर-गहनाको एकमात्र विश्वासिलो पसल
पुराना गहनाहरु संग नयाँ गहना साट्नुका साथै खरिद बिक्री गर्नुपरेमा हामीलाई सम्झनुहोस्

हामी बोलेर मात्र होइन पुऱ्याएर छाड्छौं
तपाईंको अत्यन्तै जरुरी चिठी एवं पार्सलहरु नेपाल लगायत भारत र विश्वका प्रमुख शहरहरूमा पठाउनु परेमा हामीलाई सम्झनुहोस्
सुपर काइनेटिक कुरियर्स सर्भिस
ट्राफिक चोक हिमालयन बैंकको साइड (सुर्य लाईफ इन्सोरेन्स भएको भवन) फोनः- ०७१५४२५७१

सिद्धार्थ पब्लिकेशन (प्रा.) लि. द्वारा प्रकाशित दैनिक लुम्बिनीको लागि अध्यक्षः मोहन चापागाईं, सल्लाहकारः एम.बी. विश्वकर्मा, प्रबन्ध सञ्चालकः महेश रिजाल, सम्पादकः शेरबहादुर केसी, सह-सम्पादक : टि.आर. शर्मा
प्रधान कार्यालयः बुटवल-११, माझगाउँ, रूपन्देही, लुम्बिनी प्रदेश नेपाल, फोन : ०७१-५३०६४०, ५३७६४० इमेलः lumbininews@gmail.com (News) मुख्य शाखा कार्यालय भैरहवा, फोनः ०७१-५७२२६७ अनलाइन संस्करण lumbinipatrika.com